# ग्रिसमा विशेष आवश्यकता शिक्षाको विकास तथा अभ्यास : नेपालको सन्दर्भमा उपादेयता

# Development and Practices of Special Need Education in Greece: Usefulness in Neplese Contex


[१]उपप्राध्यापक
सानोठिमी क्याम्पस, भक्तपुर
[२]प्राध्यापक
त्रिभुवन विश्वविद्यालय
[३]शिक्षण सहायक
विश्वविद्यालय क्याम्पस, कीर्तिपुर
[४]उपप्राध्यापक
शिक्ष विकास तथा अनुसन्धान केन्द्र, (सेरिड), काठमाडौँ
[१,२,३,४]त्रिभुवन विश्वविद्यालय, नेपाल
**Email:**
[1]krishna.thapa@sac.tu.edu.np
*corresponding author



प्रकाशन : २०८१ जेठ
Publish: 2024 May
Doi:
https://doi.org/10.3126/bns.v27i1.66545



CC BY NC
This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2024 by the author



**Journal**
**विकासको निम्ति शिक्षा**
**Bikashko Nimti Shiksha**
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:**
https://www.nepjol.info/index.php/bns
**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np



**कृष्ण बहादुर थापा**[१], **बासुदेव काफ्ले**[२], **शोभाखर अर्याल**[३], **देवराज आचार्य**[४]



## लेखसार

ग्रिसमा विशेष आवश्यकता शिक्षामा गरिएका विकास तथा राम्रा अभ्यासहरू नेपालका सन्दर्भमा पनि उपयोगी हुन सक्दछन् । यस अध्ययनका उद्देश्यहरूमा ग्रिसको विशेष आवश्यकता शिक्षाको विकासको अवस्था र असल अभ्यासलाई प्रस्तुत गर्नु र त्यसलाई नेपालको सन्दर्भमा अनकूलन गर्न उपयुक्त सिफारिसहरू प्रदान गर्नु रहेको छ । यस क्रममा सम्बन्धित अनुसन्धानमूलक साहित्यको पुनरावलोकन गर्न कथनात्मक विवरण विधिको आधारमा तथ्य, प्रमाणहरू प्रस्तुत गरिएको छ । यसले ग्रिसको विशेष आवश्यकता शिक्षाको अवस्था, अपाङ्गताको वर्गीकरण, कानुनी ढाँचा, संस्थागत उपागमहरू र चुनौतीहरूको अध्ययन गरिएको थियो । ग्रिसमा अपाङ्गतालाई बृहत् रूपमा तीन प्रकारमा वर्गीकरण गरी त्यस अन्तर्गत पर्ने अन्य अपाङ्गतालाई समेटिएको छ भने बालबालिकालाई राज्यको सम्पूर्ण खर्चमा अपाङ्गता पहिचान गर्ने, शिक्षाको पहुँच सुनिश्चित गर्ने, परिवारलाई समेत आवश्यक आर्थिक सहुलियत दिने कानुनी व्यवस्था गरिएको छ । आर्थिक मन्दी र शिक्षकमा समावेशी/समाहित शिक्षाप्रति अपर्याप्त दृष्टिकोण रहनु ग्रिसको विशेष आवश्यकता शिक्षाका चुनौती हुन् । ग्रिसमा अपाङ्गता भएका व्यक्तिहरूको सहजीकरण, शिक्षा, पुनर्स्थापना कार्यहरू परिमार्जित, व्यवहारिक र अनुकरणीय देखिन्छन् । शिक्षामा सबैको पहुँच स्थापित गर्न अपाङ्गताको बृहत् वर्गीकरण होस् वा समावेशी शिक्षा, विशेष शिक्षाका साथै छुट्टै विशेष व्यवस्था गर्ने नीतिअनुसार अपाङ्गता भएका बालबालिकाका आवश्यकता अनुसार घरमै, अस्पतालमा वा अन्य जुनसुकै स्थानमा पनि शिक्षा दिनुपर्ने व्यवस्था महत्त्वपूर्ण देखिन्छ । ग्रिसमा भएका विशेष आवश्यकता शिक्षाका यस्ता विकास तथा अभ्यासहरूलाई नेपालको सन्दर्भमा उपयोगी प्रावधानका रूपमा लिन सकिन्छ ।



***शब्दकुञ्जी:*** अनुकूलन, अपाङ्गता, विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा



**How to cite this article (APA)**

**English :** Thapa, K.B., Kafle, B., Aryal, S., Aryal, D.R. (2024). Development and Practices of Special Need Education in Greece: Usefulness in Neplese Contex, *Bikashko Nimti Shiksha.* 27(1). 65-76. https://doi.org/10.3126/bns.v27i1.66545

**नेपाली :** थापा, कृष्णबहादुर, काफ्ले, वासुदेव, अर्याल, शोभाखर, आचार्य, देवराज (२०८१), ग्रिसमा विशेष आवश्यकता शिक्षाको विकास तथा अभ्यासः नेपालको सन्दर्भमा उपादेयता, *विकासको निम्ति शिक्षा,* २७(१), ६५-७६ । https://doi.org/10.3126/bns.v27i1.66545

**Abstract**

The development, changes and good practice of special needs education (SNE) in Greece can be a reference to the context of Nepal. The purposes of the study are (i) to disseminate knowledge on developmental status and practice of SNE in Greece, and (ii) to offer recommendations in adapting good practice to the context of Nepal. Narrative description was used to review relevent literatures on developmental status, classification of disabilities, legal framework, instructional approaches and, issues and challenges of special needs education faced by Greece. The recommendations on work as a reference to the Nepalese context to develop similar good practices are offered. The entire costs of assessment of children for a possible disability are borne by the state and legal assurance to have access to education and family allowances for taking care of their children with disabilities bonding by the legal framework. These provisions are, however, challenged by uncertain continuity of such good practices due to economic crisis as well as a low positive teachers' attitude toward inclusive education. The efforts made by government to enhance potentiality of individuals with disabilities to promote their independent life, education and rehabilitation are highly practicable and adaptable to the Nepalese context. Practices as broader classification of disabilities, provision of inclusive education as well as special education and education at home or hospital or elsewhere as per the needs of childen with special needs can be implemented. Nepal can learn from the development of special needs education and family's social welfare system in Greece.

***Keywords:*** adaptation, disability, special need education, inclusive education

## परिचय

विशेष आवश्यकता शिक्षाको अवधारणा विविध वा भिन्न आवश्यकता भएका व्यक्तिहरूका सिकाइ चुनौतीलाई सम्बोधन गर्नका लागि विकास गरिएको कार्यक्रम हो । यस्तो कार्यक्रममा सहभागी हुने व्यक्तिहरूका विविध वा भिन्न आवश्यकतालाई कहीकतै 'चुनौती' को रुपमा समानार्थी अर्थमा समेत प्रयोग गरेको पाइन्छ । यद्यपि यस्तो कार्यक्रमको अभ्यासलाई इतिहासमा पनि फरक दृष्टिले हेरिएकाले यी दुई शब्दावलीलाई एउटै अर्थमा हेर्नु हुँदैन । विशेष आवश्यकता भएका व्यक्तिहरूका आवश्यकतालाई मानव विकास तथा सामाजिक जीवनसँगै सुरु भएको मानिन्छ । यसमा व्यक्तिहरूको शारीरिक, मानसिक, बौद्धिक, संज्ञानात्मक, भाषिक, सिकाइको ढाँचामा औसत मानिसहरूमा भन्दा कम वा उच्च क्षमता भएको अवस्था हुन्छ । विविध वा भिन्न आवश्यकता भएका व्यक्तिहरूलाई उनीहरूमा भएको अपाङ्गताको रूपमा बुझ्नुपर्छ र त्यस्ता बालबालिकालाई परम्परागत रूपमा विकास तथा अभ्यास गर्दै आएको शिक्षा, तालिम, सेवा आदिले उनीहरूका सिकाइ तथा अन्य आवश्यकता पूरा गर्न भन्ने बुझ्नुपर्छ । भिन्नता भएका व्यक्तिहरूको सिकाइका लागि विशेष आवश्यकता शिक्षाको अवधारणा विकास भएको हो ।

विशेष आवश्यकता शिक्षा १९ औं शताब्दीतिरबाट मानिसमा देखिने असामान्य खालका समस्याहरूलाई सम्बोधन गर्नका लागि विकास गर्दै आएको अवधारणा र कार्यक्रम हो । कठिनाई वा भिन्न आवश्यकतालाई जुनसुकै तहमा भए पनि त्यसको पहिचान र उपचार गर्न विभिन्न समयमा प्रयासहरू भएका पाइन्छन् । जस्तो, इसापूर्व ३८४ देखि ३३२ तिर अरिस्टोटलको दर्शनमा पनि भिन्न विशेषता (Execptionality) भएका व्यक्तिहरूको बारेमा उल्लेख गरिएको पाइन्छ । त्यस्ता व्यक्तिहरूलाई हौसला प्रदान गर्नुपर्ने भनिएको छ । त्यस्तै, चिकित्साशास्त्रका पिता भनेर चिनिने

ग्रिसका हिप्पोक्रेट्सले पनि भिन्न विशेषता भएका व्यक्तिहरूको उपचार गर्ने प्रयास गरेका थिए भनिन्छ । उनले दृष्टि विहीनता, छारे रोग, बहिरोपन, सुस्तमनस्थिति भएका व्यक्तिहरूको उपचारका बारेमा उल्लेख गरेका थिए । त्यस्तै अरिस्टोटलले त त्यस समयमा त्यस्ता व्यक्ति वा बालबालिकाको उपचार गरी समाजमा कुनै त्यस्ता व्यक्तिहरू नहुने खालको समाज निर्माण गर्न कानुनको वकालत गरेको पाइन्छ (Winzer, 1993) । त्यस समयमा ग्रिसमा बालबालिकालाई राज्यको सम्पत्ति मानी नियमित रूपमा स्वास्थ्य परीक्षण गराउनुपर्ने अनिवार्यता थियो । यसको आधारमा उनीहरूलाई नागरिक मान्ने वा नमान्ने भन्ने यकिन गरिन्थ्यो । बच्चाहरू मन्द बुद्धि (Ideotic), शारीरिक रूपमा अपाङ्ग, दृष्टिविहीनहरू वा कान नसुन्ने छन् भने तिनलाई कुनै टापुमा लगेर छाड्ने वा मार्ने गरिन्थ्यो । यसै समयमा अरिस्टोटलले बोली तथा नसा (Speech and neuron & brain) बिच सम्बन्ध छ भन्ने निष्कर्ष निकालेका थिए । रोमनहरूले पनि ग्रिकहरूले अपनाएको अभ्यास अनुसरण गरेका थिए । तेस्रो शताब्दीतिर क्रिश्चियानिटीको सुरुवात भएको पाइन्छ, जुन बेला अपाङ्गता भएका व्यक्तिहरूको सेवा गर्नु परमेश्वरको सेवा गर्नु हो भन्ने ठानिन्थ्यो । विशेष शिक्षाको विकासको कुरा गर्दा इसापूर्व ३४ तिर एक जना Quintus Pedius नाम गरेको सुन्न नसक्ने व्यक्तिलाई चित्रकला सिकाइएको कुरा उल्लेख गरिएको छ । यसरी अपाङ्गता भएका व्यक्तिहरूलाई सिकाउने, प्रशिक्षण दिने क्रम निरन्तर चलिनै रह्यो र १७ औँ शताब्दीसम्म आइपुग्दा युरोपका विद्वान्हरू तथा अनुसन्धानकर्ताहरूले अपाङ्गता भएका वा विशेष आवश्यकता भएका बालबालिकाहरूलाई विभिन्न प्रकारले शिक्षित गर्न सक्ने अभ्यासको औपचारिक सुरुवात गरेको पाइन्छ। यस अध्ययनका उद्देश्यहरूमा ग्रिसको विशेष आवश्यकता शिक्षाको विकासको अवस्था र असल अभ्यासलाई प्रस्तुत गर्नु तथा असल अभ्यासलाई नेपालको सन्दर्भमा अनुकूलन गर्न उपयुक्त सिफारिसहरू प्रदान गर्नु रहेका छन् ।

## अध्ययन विधि

विभिन्न अनुसन्धानमूलक साहित्यको पुनरावलोकनबाट प्राप्त जानकारी तथा तथ्याङ्कलाई कथनात्मक विवरण विधि (Narrative descriptive approach) अपनाई प्रस्तुत गरिएको छ (Snilstveit et al., 2012) । प्रस्तुत लेखलाई संरचना गर्ने क्रममा ग्रिसमा विशेष आवश्यकता शिक्षाको विकास तथा अभ्यास, अपाङ्गताको पहिचान र वर्गीकरण प्रणाली तथा कानुनी कार्यढाँचा, शिक्षा तथा शैक्षणिक विधि तथा यसको अभ्यासमा सामना गरिरहेका चुनौतीहरूको प्रस्तुतिका साथै राम्रा अभ्यासलाई समेटेर नेपालको सन्दर्भमा अनुकरणका लागि उपयोगी सान्दर्भको रूपमा लिन सकिन्छ । अनुसन्धानमूलक लेखहरूको सङ्कलन गुगल, गुगल स्कलर सर्च इन्जिनका साथै स्कोपस, एरिकजस्ता डाटाबेसमार्फत गरिएको थियो । लेखकको स्वमूल्याङ्कनको आधारमा पूर्वअनुसन्धानमूलक लेखहरूको छनोट र सिंहावलोकन गरी नेपालको सन्दर्भ औँल्याइएको छ ।

## नतिजाको प्रस्तुतीकरण तथा विश्लेषण

ग्रिसमा भएका विशेष आवश्यकता शिक्षाका यस्ता विकास तथा अभ्यासहरूलाई नेपालको सन्दर्भमा उपयोगी प्रावधानका रूपमा अनुकरण गर्न सकिन्छ भन्ने अनुमानका आधारमा प्राप्त

सूचना, जानकारी तथा तथ्याङ्कहरूलाई प्रस्तुत गरिएको छ। यसलाई क्रमशः प्रस्तुतीकरण तथा विश्लेषण गरिएको छ।

## ग्रिसमा विशेष आवश्यकता शिक्षाः विकासक्रम र अभ्यास

ग्रिस प्राचीन सभ्यताको जननीको रूपमा स्थापित देश हो। यहाँ विज्ञान, कला, साहित्य, गणित तथा ज्यामिति, दर्शनशास्त्र, चिकित्साशास्त्र, शिक्षा, कानुनलगायत अनेकौं विधाहरूको वैज्ञानिक विकास तथा आधारहरूको निर्माण भएको पाइन्छ। ग्रिसमा दया, माया, घृणा, युद्ध, आक्रमण, प्रत्याक्रमण, शान्ति, विद्रोह, विनास, सम्मृद्धि जस्ता सबै खालका विश्व मानचित्रमा भएका घटना परिघटनाहरूको लामो इतिहास रहेको छ (Gaeta, 2004)। इतिहासका त्यस्तै घटना परिघटनाहरूले विशेष आवश्यकता शिक्षाको विकास तथा अभ्यासमा समेत महत्त्वपूर्ण योगदान दिएको छ। ग्रिसको विशेष आवश्यकता शिक्षाको विगत र विकासको अभ्यासले यसका आधार तथा आयामहरूबारे स्पष्ट हुन सहयोग गर्छ। नेपालको विशेष आवश्यकता शिक्षाको विकास तथा अभ्यासका लागि ग्रिसको विकासक्रम निकै उपयोगी हुन सक्दछ।

ग्रिस प्रजातन्त्र, मानवअधिकार, सामाजिक न्याय प्रर्वद्धनमा प्रतिबद्ध राष्ट्र भएकाले अपाङ्गता तथा विशेष आवश्यकता भएका व्यक्तिहरूको अधिकार संरक्षण तथा प्रत्याभूत गराउनमा विभिन्न कार्यहरू गरिहेको छ (Gaeta, 2004)। ग्रिसमा विशेष आवश्यकता भएका बालबालिकाका बारेमा धेरै लामो समयदेखि चर्चा भएको पाइन्छ। अरिस्टोटलको समयमा अपाङ्गता भएका व्यक्तिहरूलाई ध्यान दिइएको पाइन्छ। समाजमा अपांगता नहोऊन् भनेर रोकथाम तथा व्यवस्थापन गर्ने कानुनको आवश्यकताको वकालत गरिएको थियो (Winzer, 1993)। त्यस्तै, चिकित्साशास्त्रका पिता भनेर चिनिने ग्रिसका हिप्पोक्रेट्सले पनि भिन्न आवश्यकता भएका (Exceptional) व्यक्ति वा बालबालिका को उपचार गर्ने प्रयास गरेका थिए। उनले दृष्टिविहीनता, छारे रोग, बहिरोपन, सुस्नमनस्थिति (बौद्धिक अपाङ्गता) आदि अपाङ्गता उल्लेख गरेको पाइन्छ। यसो हुँदाहुँदै पनि सन् १९८० सम्म ग्रिसमा अपाङ्गता भएका व्यक्तिहरूप्रति राज्यको दायित्व नभई विभिन्न खालका परोपकार तथा दानबाट प्राप्त हुने रकम वा दानदातव्यबाट नै आवश्यक सेवा, सुविधा दिइनु पर्छ भन्ने मान्यताबाट हेरिन्थ्यो। औपचारिक कार्यक्रम नै बनाएर ग्रिसमा विशेष आवश्यकता शिक्षा कार्यक्रमको सुरुवात १९८० बाट सुरु भएको पाइन्छ। त्यस समयभन्दा अगाडि र हालसम्म ग्रिसमा भएका विशेष आवश्यकता शिक्षासँग सम्बन्धित औपचारिक तथा अनौपचारिक कार्यक्रमलाई चार कालखण्डमा विभाजन गरिएको छ (Syriopoulou-Delli, 2010)।

### *सुस्त परिवर्तनको समय (१८२८-१९४५)*

यस समयमा मानिस तथा संस्थाहरूमा विस्तारै अपाङ्गताप्रति जागरण आउन थाल्यो र ज्ञानेन्द्रीय तथा शारीरिक अशक्तता भएका व्यक्तिका लागि दान तथा अनुदानका आधारमा नीजि स्तरमा विशेष शिक्षाको सुरुवात हुन थाल्यो।

### *राज्यको रुचिको विकासको समय (१९४५-१९७०)*

यस समयका बिचमा ग्रिसमा अपाङ्गता भएका बालबालिकाहरूलाई पनि शिक्षा दिन सकिन्छ भन्ने सिद्धान्त (Priciple of educability) को विकास भएको पाइन्छ । यसबाट अपाङ्गता भएका बालबालिकाहरू आधारभूत शैक्षिक तथा व्यवसायिक तालिम कार्यक्रममा सहभागी हुन सक्दछन् र यसको फलस्वरूप उनीहरूको समायोजनमा जसले सामाजिक एकीकरणमा सहयोग पुग्न सक्ने मान्यता स्थापित भयो ।

### *राज्यको उच्च रुचिको समय (१९७९-१९८०)*

यस समयमा अपाङ्गता भएका बालबालिकाको शैक्षिक तथा सामाजिक समायोजन र एकीकरणको लागि निजी तथा गैरसरकारी क्षेत्रबाट धेरै प्रयास र पहलहरू भएको पाइन्छ । निजी क्षेत्रबाट विशेष विद्यालयहरूको स्थापना भएको हो । १९७२-७३ मा सुस्त मनस्थिति (बौद्धिक अपाङ्गता) का लागि विद्यालयको स्थापना गरियो भने १९७४ मा विशेष विद्यालयको स्थापनाका लागि पहिलोपटक पाठ्यक्रमको प्रारूप तयार पारिएको थियो । साथै सरकारले यस विषयमा चासो लिन थालेको यही समय नै हो । यसले सुस्त मनस्थिति भएका बालबालिकाको शिक्षाका लागि विशेष विद्यालय स्थापना गर्ने योजना बनाइएको थियो ।

### *राज्यको सङ्गठनात्मक तथा प्रणालीगत विशेष शिक्षाको विकासको समय (१९८०-२००९)*

सन् १९८० पछि वर्तमान समयसम्म ग्रिसमा अपाङ्गता भएका बालबालिकाका लागि धेरै महत्त्वपूर्ण कार्यहरू भएका छन् । यस समयको सुरुवाततिर सुस्तमनस्थितिका बालबालिकाको शिक्षा प्राप्त गर्ने तथा पेसा, व्यवसायमा लाग्ने वैधानिक अधिकार तत्कालीन संविधानले निश्चित गऱ्यो । विस्तारै राष्ट्रिय शिक्षा तथा धार्मिक मामिला मन्त्रालयले सुस्त मनस्थिति भएका बालबालिकाले अध्ययन गर्ने विशेष विद्यालयहरूलाई सामान्य विद्यालयको रूपमा एकीकृत गरी उनीहरूलाई पनि सामान्य बालबालिकासँगै अध्ययन अध्यापन गर्ने, गराउने नीति लिएको देखिन्छ ।

सन् १९८० को दशकदेखि वर्तमानसम्म आइपुग्दा ग्रिसले विशेष आवश्यकता शिक्षाको क्षेत्रमा धेरै उदाहरणीय कार्यहरू गरेको छ । त्यहाँको कानुनले जुनसुकै विशेषता भएका बालबालिकाका क्षमता र आवश्यकता अनुसारको शिक्षा आर्जन गर्न पाउने र राज्यले त्यो पूरा गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । राज्यले विशेष आवश्यकता भएका सबै बालबालिकाको शिक्षाको सम्पूर्ण आर्थिक व्ययभार तथा अन्य व्यवस्था गर्ने गर्दछ भने त्यहाँ विद्यार्थीको विशेषताअनुसार विशेष विद्यालय र विशेष शिक्षा, एकीकृत विद्यालय र एकीकृत शिक्षा तथा सामान्य विद्यालयमा समावेशी/समाहित शिक्षाको व्यवस्था गरेको छ । साथै आवश्यक परेमा राज्यले विशेष आवश्यकता भएका बालबालिकालाई उसको घरमै, अस्पतालमा वा अन्य जुनसुकै स्थानमा पनि शिक्षा दिनुपर्ने गरी कानुनी व्यवस्था गरेको पाइन्छ ।

### *अपाङ्गताको वर्गीकरण प्रणाली : अनिवार्य औपचारिक परीक्षण तथा निदान*

कुनै पनि प्रकारको अपाङ्गताको पहिचान गरी तदनुरूप शैक्षिक कार्यक्रमको विकास तथा कार्यान्वयन गर्ने नेतृत्वदायी जिम्मेवारी ग्रिसको राष्ट्रिय शिक्षा तथा धार्मिक मामिला मन्त्रालयको रहेको छ। त्यहाँ सबै प्रकारका अपाङ्गता तथा कठिनाइहरू (disorders) जस्तो, ज्ञानेन्द्रिय, मानसिक, संज्ञानात्मक, विकासात्मक कठिनाइ, मनोवैज्ञानिक र न्युरोमनोविज्ञानसम्बन्धी कठिनाइ (neuropsychological disorders) को पहिचान गरी तिनको वर्गीकरण गरिएको छ। कुनै अपाङ्गता वा विशेष आवश्यकता भएका बालबालिकाका प्रमाणित गर्ने औपचारिक कार्य शिक्षा मन्त्रालयले मात्र गर्ने गर्दछ। निजीस्तरमा खोलिएका व्यवसायिक केन्द्र तथा संस्थाहरूले पनि अपाङ्गता पहिचानका नवीन विधि तथा प्रविधिको प्रयोग गरेर गरिएको मूल्याङ्कनसमेत शिक्षा मन्त्रालयको प्रामाणिक मूल्याङ्कनको रूपमा पूरक परीक्षण गर्नुपर्ने अनिवार्य व्यवस्था रहेको छ। ग्रिसमा औपचारिक रूपमा वर्गीकरण गरिएअनुसार अपाङ्गता तथा विशेष आवश्यकतालाई बृहत् रूपमा बालबालिकाका विशेष आवश्यकता अनुसार तीन तहमा वर्गीकरण गरिएको पाइन्छ (Syriopoulou-Delli, 2010)।

### *सुस्त मनस्थिति तथा विशेष आवश्यकता भएका बालबालिकाहरू*

पहिलो वर्गमा अपाङ्गता भएका र विशेष शिक्षा आवश्यकता भएका विद्यार्थीहरू भनी वर्गीकरण गरिएको छ। जसमा ज्ञानेन्द्रिय, मानसिक, संज्ञानात्मक, विकासात्मक कठिनाइ, मनोवैज्ञानिक र न्युरोमनोवैज्ञानिक असामञ्जस्यताको कारणले तीव्र सिकाइ कठिनाइ भएका बालबालिकालाई यसअन्तर्गत वर्गीकरण गरिएको छ। विशेष रूपमा मानसिक तथा ज्ञानेन्द्रिय कठिनाइ (दृश्य तथा सुनाई अपाङ्गता, गतिशीलतामा सीमितता, दीर्घ रोगहरू, बोलीको कठिनाइ, विशेष सिकाइ कठिनाइ जस्तै डिस्लेक्सिया, ध्यान केन्द्रित गर्नमा कठिनाइ, अटिज्म, बृहत् विकासात्मक अपाङ्गता तथा बहुअपाङ्गतालाई स्पष्ट रूपमा अपाङ्गता तथा सिकाइ कठिनाइ भएको मानी त्यसका आधारमा विशेष आवश्यकता शिक्षाको व्यवस्था गरिएको पाइन्छ।

### *सिकाइ, संवेगात्मक र सामाजिक समस्याका बालबालिका*

यस्ता बालबालिकामा जटिल सिकाइ, संवेगात्मक तथा व्यवहारगत समस्या वा सामाजिक समायोजनमा कठिनाइ, अपराधिक व्यवहार, फरक आमाबाबु वा अभिभावक तथा त्यागिएका बालबालिकाहरू र पारिवारिक हिंसामा हुर्केका बालबालिकाहरू पर्दछन्। त्यस्तै विशेष आवश्यकता भएका बालबालिकाको दोस्रो वर्गमा, जटिल सिकाइ तथा संवेगात्मक, सामाजिक कठिनाइ भएका विद्यार्थीहरूलाई समावेश गरिएको छ। यसमा अपराधिक प्रकृतिका व्यवहार भएका विद्यार्थीहरूका साथै परिवारको बेवास्तामा परेका, पारिवारिक हिंसामा परेका बालबालिकालाई पनि विशेष आवश्यकता शिक्षा भएका बालबालिकाको रूपमा वर्गीकरण गरिएको छ।

### *एक वा बढी उच्च मानसिक क्षमता र सिप भएका बालबालिकाहरू*

तेस्रो वर्गमा त्यस्ता बालबालिकालाई विशेष आवश्यकता भएका बालबालिकाको वर्गीकरणमा समेट्ने प्रावधान राखिएको छ, जो आफ्नो उमेरको तहभन्दा उच्च मानसिक क्षमता (तीक्ष्ण बुद्धि,

मेधावी, प्रतिभाशाली वा उच्च क्षमता) प्रदर्शन गर्न सक्दछन्। त्यस्ता बालबालिकालाई विशेष आवश्यकता शिक्षाको आवश्यक व्यवस्था गर्ने दायित्व राज्यको रहेको हुन्छ।

## विशेष आवश्यकता शिक्षाको लागि कानुन

ग्रिसको संविधानले सबै बालबालिकाका लागि ४ देखि २४ वर्षसम्मको शिक्षा अनिवार्य र निःशुल्क गरेको छ। त्यहाँको कानुन (Greek Law 3699/2008) अनुसार अशक्त तथा विशेष शिक्षाको आवश्यकता भएका सबै विद्यार्थीहरूलाई विशेष आवश्यकता शिक्षा प्रदान गरिन्छ। यसरी नर्सरी, प्राथमिक, माध्यमिक तथा उच्च माध्यमिक शिक्षाका जुनसुकै तहका लागि पनि राज्यले सबैलाई अध्ययनको अवसर उपलब्ध गराउन अनिवार्य व्यवस्था रहेको छ (Syriopoulou-Delli, 2010)। त्यसका लागि मूलधार वा साधारण, गैरमूलधार, विशेष तथा जीवनपर्यन्त शिक्षा जस्ता जुनसुकै ढाँचामा भए पनि शिक्षा प्राप्त गर्ने व्यवस्था गर्नु राज्यको कर्तव्य र दायित्व हुन आउँछ। यसलाई त्यहाँको राष्ट्रिय निदानात्मक तथा सहयोग केन्द्रले सिफारिस गरेअनुसार विशेष आवश्यकता शिक्षा भएका बालबालिका साधारण कक्षामा सहभागी हुन पाउने व्यवस्था रहेको छ, जुन कक्षामा समानान्तर विशेष आवश्यकता केन्द्रित सहयोग वा अन्य तरिकाले सहयोग गर्न सक्ने व्यवस्था रहेको छ। यस्तो प्रावधान शिक्षासम्बन्धी कानुनी प्रावधान, २००८ मा रहेको छ (Pappas et al., 2018)।

## विशेष आवश्यकता शिक्षाका लागि बजेट तथा आर्थिक व्यवस्था

ग्रिसमा विशेष शिक्षा आवश्यकता भएका बालबालिकाको लागि आवश्यक पर्ने सम्पूर्ण खर्च तथा सुविधाहरूको सुनिश्चितता गर्नु शिक्षा मन्त्रालय र सामाजिक नीति अन्तर्गत गर्दछ। जुन परिवार सामाजिक सुरक्षा अन्तर्गत व्यवस्थित गरिएको हुन्छ (Zakynthos, 2006)। उनीहरूका लागि आवश्यक पर्ने उपचारात्मक लागत पनि यसै अन्तर्गत व्यवस्था गरिएको पाइन्छ। अनिवार्य शिक्षा ४ देखि २४ वर्षसम्मकालाई दिइने हुनाले विशेष शिक्षा आवश्यक पर्ने बालबालिकाका लागि सार्वजनिक विद्यालयमध्ये सामान्य विद्यालय अथवा एकीकृत कक्षा वा विशेष विद्यालयमा जहाँ उपयुक्त हुन्छ त्यहीँ उनीहरूका लागि शिक्षा लिने व्यवस्था गरिन्छ। यस्तो व्यवस्थाका लागि आवश्यक लागत प्राथमिक रूपमा शिक्षा मन्त्रालयले व्यहोर्ने व्यवस्था रहेको छ। यस्तो व्यवस्थाअन्तर्गत प्रदान गरिने सेवा तथा सुविधा प्राप्त गर्न कुनै पनि बालबालिकाका सिकाइ अपाङ्गता वा कठिनाइको औपचारिक पहिचान हुनु अनिवार्य मानिन्छ। यसको साथै कुनै बालबालिकाको सिकाइ कठिनाइको प्रकृति, गहिराइ र गम्भीरताका आधारमा उनीहरूलाई कुनै विद्यालयमा व्यवस्थापन गर्न नसकिए आवश्यकता अनुसार कुनै सङ्घ, संस्था वा घरमै पनि विशेष शिक्षा प्रदान गरिने व्यवस्था रहेको छ। त्यसका साथै आवश्यक परेमा प्रभावकारी शिक्षा तथा सेवा सुविधा प्रदान गर्न ग्रिक शिक्षा मन्त्रालयले अन्य मन्त्रालयहरू जस्तै स्वास्थ्य तथा सामाजिक कल्याण मन्त्रालय, श्रम मन्त्रालय, युवाका लागि प्रशासन, वयस्क शिक्षाका लागि प्रफेक्चर समिति, स्थानीय प्रशासनिक संस्था तथा चर्चका साथै ग्रिक अपाङ्ग मञ्च तथा अभिभावक सङ्घसँग पनि समन्वय गर्ने गर्दछ (Kouvaritaki, 2011)। बालबालिकाको समावेशीकरण, सामाजिक जीवन, स्वतन्त्र व्यक्तिगत जीवनका लागि परिवारका सदस्यको निरन्तर संलग्नता आवश्यक छ भने त्यस्तो अवस्थामा परिवारका कुनै सदस्यलाई राज्यले नियमित हेरचाहका लागि तोक्ने र सोहीअनुसार पारिश्रमिक वा

आर्थिक सहयोग प्रदान गर्ने व्यवस्था रहेको छ । यदि परिवारका सदस्यबाट यस्तो हेरचाह नभएको अवस्थामा अन्य कुनै व्यक्तिलाई नियुक्त गर्न सक्ने व्यवस्था रहेको छ। त्यसरी हेरचाह गर्ने व्यक्तिहरूले लापरवाही गरेमा कानुनबमोजिम सजाय हुने व्यवस्थासमेत गरिएको छ ।

## शिक्षण तथा शैक्षणिक विधि

ग्रिसमा अन्य देशहरूमा जस्तै विशेष आवश्यकता शिक्षा लिने विद्यार्थीहरूको सङ्ख्या उल्लेख्य रहेको छ । सन् २०१० तिर प्रकाशित तथ्याङ्कमा २९,९६४ विद्यालय उमेरसमूहका बालबालिकामा विशेष आवश्यकता शिक्षा लिने अवस्थाका छन् भनेर पहिचान गरिएको थियो (European Agency for Development in Special Needs Education, 2010) । यसमध्ये ७,४८३ जना विद्यार्थीहरू विशेष स्कुलमा अध्ययन गरेका छन् भने बाँकी २२,४७१ विद्यार्थीहरूले मूलधारका विद्यालयमा विशेष कक्षा लिने गरेको थिए । ग्रिसमा ४ देखि २२ वर्षसम्मका बालबालिकालाई अनिवार्य शिक्षा दिइने व्यवस्था भएकाले यस व्यवस्थाअन्तर्गत विशेष शिक्षा आवश्यक पर्ने बालबालिकाका लागि सार्वजनिक तथा मूलधारका विद्यालय अथवा एकीकृत कक्षाको व्यवस्था गरिएको छ (Pavli, 2017; Pappas et al., 2018) । सामान्य विद्यालयमा दिइने शिक्षा एकीकृत खालको हुन्छ सामान्य कक्षामा विशेष शिक्षा आवश्यक पर्ने बालबालिकालाई विशेष शिक्षासम्बन्धी तालिमप्राप्त शिक्षक तथा प्राविधिकबाट समानान्तर सहयोग दिइन्छ। सामान्य वा नियमित विद्यालय र कक्षामा सिक्न नसक्ने विशेष शिक्षाको आवश्यकता पर्ने बालबालिकाका लागि भने विशेष विद्यालयमा पढ्ने व्यवस्था गरिएको हुन्छ। त्यस्ता विशेष शिक्षा प्रदान गर्ने विद्यालयहरूमा विशेष शिक्षासम्बन्धी तालिमप्राप्त शिक्षक तथा प्राविधिकबाट अध्यापन गराइन्छ। त्यसका साथै आवश्यक परेमा राज्यले कुनै विशेष आवश्यकता भएका बालबालिकालाई 'छुट्टै विशेष प्रावधान' नीतिअनुसार उसले घरमै, अस्पतालमा वा अन्य जुनसुकै स्थानमा पनि शिक्षा दिनुपर्ने कानुनी व्यवस्था गरेको छ (Spiliotopouloy, & Tsarsitalidis, 2010) । यस्तो कानुनी प्रावधान कार्यान्वयनका लागि सबै शिक्षक, प्रशिक्षक, प्राध्यापकहरूलाई समावेशी/समाहित शिक्षाका मूल्य तथा सिद्धान्तहरूप्रति लगावमा छन् भन्ने सुनिश्चित गरिएको हुन्छ (Kouvaritaki, 2011)।

## अन्तर्राष्ट्रिय सहभागिता र प्रतिबद्धता

ग्रिसले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको अधिकार र पुनर्स्थापनाका लागि राष्ट्रिय कानुनको तर्जुमा, कार्यान्वयन तथा अन्तर्राष्ट्रिय महासन्धिहरूको अनुमोदनमा निकै पहिलेदेखि नै सहभागिता र सक्रियता देखाउँदै आएको छ। अन्तर्राष्ट्रिय सहमति, सन्धिहरूका आधारमा बनेका राष्ट्रिय कानुनहरूको प्रभावकारी कार्यान्वयनका लागि अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको कुनै अधिकार हनन भएको पाइएमा तुरुन्तै न्यायलयको न्यायिक हस्तक्षेप हुने, त्यस्ता बालबालिकाको तत्कालै संरक्षण गर्ने व्यवस्था तथा आवश्यक कानुनी उपचार र अधिकार हनन गर्नेहरू माथि विभिन्न प्रतिबन्धहरू गर्न सकिने व्यवस्था रहेको छ (Kouvaritaki, 2011) । यस खालका व्यवस्थाहरूको विकास तथा तिनको अभ्यासको स्रोत पनि अन्तर्राष्ट्रिय समुदाय समक्ष गरेका प्रतिबद्धता तथा महासन्धिहरू हुने गरेको देखिन्छ। जस्तो सन् १९९० मा संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी अभिसन्धिमा हस्ताक्षर गरी ग्रिसले सन् १९९१ मा त्यसलाई अनुमोदन गरेको

थियो । यसअनुसार राष्ट्रिय कानुन (Law 2101/1991) समेत बनाई लागु गरिएको पाइन्छ (Kaltsouni, 2013) । त्यस्तै १९९० तिरबाट अगाडि सारिएको समावेशी/समाहित शिक्षाको नीति पनि यथासम्भव कार्यान्वयन गरिएको छ । ग्रिस युरोपियन युनियनको सदस्य भएकाले पनि उक्त क्षेत्रमा अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरूको हक, अधिकार, समावेशीकरण तथा पुनर्स्थापना प्रवर्द्धनका खातिर युनियनले लिने निर्णय, नीति, रणनीतिहरूमा समेत सहभागिता, प्रतिबद्धता, कार्यान्वयन गर्नुपर्ने बाध्यात्मक हुन्छ । यस क्रममा सन् १९९७ मा बालबालिकाहरूको अधिकारको अभ्याससम्बन्धी युरोपियन अभिसन्धिलाई अनुमोदन गरी कार्यान्वयन गरिरहेको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको क्षेत्रमा कोसेढुङ्गाको रूपमा मानिने संयुक्त राष्ट्रसङ्घको अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (UNCRPD) २००६ मा हस्ताक्षर गरी ग्रिस पनि सदस्य राष्ट्र बनेको थियो । त्यसपछि उक्त महासन्धिलाई सन् २००७ मा अनुमोदन गरी लागू गरिएको छ (Kouvaritaki, 2011) । त्यसका साथै विशेष आवश्यकता भएका बालबालिकाको हक, अधिकार रक्षाका लागि अरू कतिपय अन्तर्राष्ट्रिय महासन्धि तथा सम्झौताहरूलाई समेत अनुमोदन गरेको छ । जस्तै, बालबालिकाको बेचबिखन विरुद्धको ऐच्छिक प्रोटोकल, बालबालिका माथि हुने यौनव्यापार र बाल प्रोनोग्राफी विरुद्धको ऐच्छिक प्रोटोकल, सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नता विरुद्धको ऐच्छिक प्रोटोकल जस्ता अभिसन्धिलाई तदारुकताका साथ कार्यान्वयन गरेको पाइन्छ ।

विशेष आवश्यकता भएका व्यक्ति तथा बालबालिकाको लागि ग्रिसले अनुसरण गरेको राष्ट्रिय कानुनी व्यवस्थामा अन्तर्राष्ट्रिय महासन्धि तथा सम्झौताहरूको स्पष्ट प्रतिबिम्बित भएको देख्न सकिन्छ । ग्रिसको कानुनी प्रावधानहरूहरूले बढी मात्रामा विशेष आवश्यकता भएका बालबालिकाको शिक्षाप्रतिको अधिकार र समावेशीकरण, हिंसाका घटनाहरूबाट मुक्ति तथा संरक्षण, परिवारिक जीवन जिउने तथा स्वतन्त्र जीवनका लागि आवश्यक सहयोग तथा सहयोगी हुने व्यवस्था गरेको देखिन्छ । महत्त्वपूर्ण कुरा के छ भने ग्रिसको संविधानले व्यवस्था गरेअनुसार यदि राष्ट्रिय कानुन विभिन्न समयमा गरिएका अन्तर्राष्ट्रिय कानुन, महासन्धि आदिका प्रतिकूल भएको वा बाझिएको अवस्थामा बाल अधिकार सम्बन्धी अभिसन्धि प्रभावी हुने व्यवस्था गरिएको छ (Kouvaritaki, 2011) ।

## मुद्दा तथा चुनौतीहरू

ग्रिक सरकारले विशेष शिक्षाको क्षेत्रमा महत्त्वपूर्ण कदमहरू सफलतापूर्वक चालिरहेको छ । विश्वले विशेष शिक्षासम्बन्धी जुन खालको नीति लिन्छ, सोका आधारमा ग्रिसमा विद्यमान व्यवस्थाको तत्काल परिमार्जन तथा सुधार गरेको पाइन्छ (Spiliotopouloy & Tsarsitalidis, 2010) । विश्वमा १९७०-९० को दशकमा विशेष शिक्षाको अवधारणा अँगालियो । ग्रिसले पनि आवश्यक कार्ययोजना गरी कार्यान्वयन गरेको देखिन्छ भने फेरि विशेष विद्यालय र विशेष शिक्षालाई सामान्य विद्यालय र शिक्षामा रूपान्तरण तथा एकीकरण गरी कार्यान्वयन गर्नुपर्छ भन्ने मान्यता स्थापना गरेको पाइन्छ । ग्रिसले त्यसलाई अनुसरण गर्दै भइरहेका व्यवस्थालाई तुरुन्त परिमार्जन गर्ने गरेको छ । त्यस्तै १९९० को दशकतिरबाट अगाडि सारिएको समावेशी/समाहित शिक्षालाई पनि यथासम्भव कार्यान्यन गरिएको छ । ग्रिसको अर्थतन्त्रमा आएको मन्दी तथा सङ्कटले विशेष शिक्षाको क्षेत्रमा पहिलेको जस्तो पर्याप्त बजेट उपलब्ध गराउन नसक्नुका साथै केही कटौती पनि गरेको छ । यो अवस्था अझै केही वर्षहरूसम्म जारी रहने अनुमान पनि गरिएको छ । यो नै विशेष आवश्यकता शिक्षाको क्षेत्रमा मुद्दा र समस्याका रूपमा रहेको छ । युरोपेली सङ्घले पनि आफ्ना सदस्य राष्ट्रहरूले अपाङ्गता

भएका बालबालिकाको लागि अपनाइएका नीतिहरूमध्ये ग्रिसबारे प्रस्तुत गरेको प्रतिवेदनमा पनि यो कुरालाई प्रमुखताका साथ उल्लेख गरिएको छ। आर्थिक मन्दीका कारण विशेष आवश्यकता भएका बालबालिकाले समावेशीकरण तथा उनीहरूको विशेष आवश्यकता र सिकाइ आवश्यकता पूरा गर्न धेरै बाधाहरू आउने सम्भावना रहेको उल्लेख गरिएको छ (Kaltsouni, 2013)। यसको कारण काम वा जागिर, खेलकुद, सांस्कृतिक तथा सामाजिक सहभागिता, मनोञ्जन, सामुदायिक जीवनको अनुभव प्रक्रियाको गतिमा बाधा रहेको छ। सबैभन्दा ठुलो चुनौतीको रूपमा ग्रिसले अनुमोदन गरेको CRC and UNCRPD का प्रावधानहरू कार्यान्वयनमा लैजानका लागि कुनै औपचारिक निकाय वा संयन्त्र नहुनु पनि हो। यसले गर्दा केन्द्रीय सरकार, क्षेत्रीय तथा नगरपालिकाहरूबिच उपयुक्त समन्वयको अभाव हुने देखिन्छ। त्यस्तै शिक्षकहरूको विशेष आवश्यकता भएका बालबालिकाहरूको शिक्षाप्रतिको धारणा तथा प्रवृत्ति कम सकारात्मक हुनु पनि विशेष आवश्यकताको प्रभावकारी कार्यान्वयनका लागि चुनौतीको रूपमा लिइएको छ (Pappas et al., 2018; Pavli, 2017)।

## नेपालको सन्दर्भमा उपादेयता

नेपालले अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा तथा अधिकारका लागि विभिन्न प्रयासहरू गरेको छ। सोहीअनुसार CRC १९८९ तथा UNCRPD २००६ लाई स्वीकार गरी हस्ताक्षर गरेको छ। *नेपालको संविधान २०७२* ले सामाजिक न्याय स्थापित गर्न समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्पका साथ अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको व्यवस्था गरेको छ। यसरी नै *अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको लागि अपाङ्गता अधिकार ऐन, २०७४* तर्जुमा गरी सोको कार्यान्वयन गरिएको छ (शिक्षा विभाग, २०७३)। अपाङ्गताको बढ्दो वर्गीकरण, आर्थिक लगानी, समावेशी/समाहित शिक्षा तथा शिक्षण विधि, प्रविधिहरूको व्यापक विकास र अपाङ्गता अनुकूलन यस ऐनको कार्यान्वयनबाट सहयोग पुग्ने देखिन्छ। *अपाङ्गता अधिकार ऐन*ले अपाङ्गतालाई १० प्रकारको हुने भनी वर्गीकरण गरेको छ (नेपाल कानुन आयोग, २०७४)। यो वर्गीकरणले अझै केही अपाङ्गतालाई समेट्न सकेको छैन। अपाङ्गताको उच्च व्यापकता हुने (high-prevalent disability) सिकाइ तथा संज्ञानात्मक क्षमतामा कम हुने अपाङ्गता भएका व्यक्तिहरूलाई अझै समावेश गर्न बाँकी छ। जसरी ग्रिसले अपाङ्गतालाई तीन प्रकारमा मात्र वर्गीकरण गरी सबैजसो अपाङ्गताका प्रकारलाई समेट्न सकेको छ र अपाङ्गता भएका बालबालिकाको विशेष आवश्यकताको पहिचान मात्र नगरेर तिनको मानसिक रूपमा उच्च बौद्धिक क्षमता वा मेधावी बालबालिकाको पहिचान गरी उनीहरूको क्षमता तथा सिकाइ आवश्यकतालाई समेत सम्बोधन हुने गरी वर्गीकरण गरेको छ। त्यसरी नै नेपालमा उच्च बौद्धिक क्षमता वा मेधावी बालबालिकालाई तिनका क्षमताअनुसार सिकाइ व्यवस्थापन गर्न जरुरी छ।

ग्रिसमा अपाङ्गता तथा विशेष आवश्यकता भएका बालबालिकालाई कुनै पनि तवरले शिक्षा दिनु राज्यको अनिवार्य दायित्व भित्रै पर्छ भने बालबालिकाको अवस्थाअनुसार समावेशी/समाहित वा विशेष शिक्षाको वा घरमै संस्थागत व्यवस्था वा घरमै गएर पनि शिक्षा दिइने गरिन्छ। यसको जिम्मेवारी मूलतः केन्द्रीय शिक्षा मन्त्रालयको नै हुन्छ। यस तथ्यलाई मनन गरी नेपालको सन्दर्भमा पनि माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहले हेर्ने व्यवस्था छ। यसले नेपालमा अपाङ्गता भएका बालबालिकाहरूको शिक्षामा आवश्यक पहुँच र सुविधा वृद्धि गर्न कठिनाइ हुने देखिन्छ। ग्रिसको सन्दर्भलाई अनुकरण गरी अपाङ्गता भएका बालबालिकाको शिक्षा तथा पुनर्स्थापनाका लागि एकद्वार प्रणाली तथा स्रोतको न्यायोचित र समान वितरणको नीति केन्द्रीय स्तरबाटै अख्तियार गर्नु

सान्दर्भिक देखिन्छ। नेपालमा वि.सं २०७३ मा अपाङ्गता भएका बालबालिकाका लागि समावेशी/समाहित शिक्षा नीति तर्जुमा गरिएको भए पनि त्यसलाई नेपालको *शिक्षा नीति, २०७६* ले विस्थापित गरेको छ। राष्ट्रिय शिक्षा नीतिले अपाङ्गता भएका बालबालिकाको शैक्षिक सुनिश्चितताका लागि साधारण प्रयास मात्र गरेको छ। यसले गर्दा कार्यान्वयनमा अस्पष्टता हुने, सबै स्थानीय तहहरूमा अपाङ्गता भएका बालबालिकाहरूको शिक्षाका लागि तालिमप्राप्त शिक्षक, प्रशासनिक कर्मचारीहरू नहुने तथा उपलब्ध स्रोत साधनको वितरणमा प्राथमिकता निर्धारण नहुने हुँदा यो न्यूनतालाई कम गर्न ग्रिसको उपादेयता अनुकरणीय हुन सक्छ।

ग्रिसको अभ्यासबाट नेपालको सन्दर्भमा महत्त्व राख्ने अर्को पक्ष भनेको पारिवारिक सामाजिक सुरक्षाको प्रत्याभूति पनि हो। ग्रिसमा कुनै पनि बालबालिकाहरूको अपाङ्गता छ, छैन भनेर पहिचान गर्ने दायित्व र व्यवस्था शिक्षा मन्त्रालयको हुन्छ जुन साधनस्रोत, उच्च प्रशिक्षित तालिम प्राप्त तथा विज्ञ सम्मिलित जनशक्तिले गर्ने गर्दछ। कुनै पनि अपाङ्गताको परीक्षण राज्यले नि:शुल्क रूपमा गर्ने र यदि तीव्र कठिनाइयुक्त अपाङ्गता भएको अवस्थामा परिवारको सदस्यले निरन्तर सहयोगको अपेक्षा गर्नुपर्ने अवस्थामा त्यहाँ परिवारको कुनै सदस्यलाई आर्थिक सहुलियत दिने गर्छ। नेपालका सन्दर्भमा अपाङ्गता भएका बालबालिकाको परिवार आर्थिक रूपमा पनि कमजोर पाइएकाले त्यस्ता बालबालिकाको शिक्षा, स्वास्थ्य, सामाजिक जीवन आदिमा पहुँच कमीको अवस्था छ। त्यसैले राज्यले अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता तथा कठिनाइको तहअनुसार परिवारलाई उचित आर्थिक सहुलियतको व्यवस्था गर्नु तर्कसङ्गत देखिन्छ।

## निष्कर्ष

ग्रिसले विशेष आवश्यकता शिक्षाको विकास प्रयासमा लामो कालखण्ड पार गरेको कुरा इसापूर्वदेखि नै अनौपचारिक प्रयासबाट सुरु गरिएको अपाङ्गता भएका व्यक्तिहरूको सहजीकरण, शिक्षा, पुनर्स्थापनाका कार्यहरू वर्तमानसम्म आइपुग्दा निकै परिमार्जित, व्यावहारिक र अनुकरणीय देखिन्छन्। शिक्षामा सबैको पहुँच स्थापित गर्नका लागि अपाङ्गताको बृहत् वर्गीकरण होस् वा समावेशी/समाहित शिक्षा, विशेष शिक्षाका साथै विशेष अलग प्रावधानको नीति अनुसार अपाङ्गता भएका बालबालिकाका आवश्यकता अनुसार घरमै, अस्पतालमा वा अन्य उपयुक्त स्थानमा पनि शिक्षा दिनुपर्ने कानुनी व्यवस्था महत्त्वपूर्ण अभ्यासका रूपमा देखिन्छन्। साथै ग्रिसले अपाङ्गता भएका बालबालिकालाई मात्र ध्यान नदिई उच्च बौद्धिक क्षमता तथा मेधावी, प्रतिभाशाली बालबालिकाका सिकाइ आवश्यकतालाई पनि सम्बोधन गर्ने व्यवस्था गरेकाले समावेशी/समाहित शिक्षाको पूर्ण अभ्यास गर्न सकेको छ। नेपालले त्यस्ता कार्यको आफ्नो आवश्यकता अनुकूललन र अनुकरण गरी शिक्षाको संरचना, पाठ्यक्रम, परीक्षा प्रणालीको विविधीकरण तथा पाठ्यक्रम अनुकूलन गर्न यो अभ्यासलाई उपयुक्त सन्दर्भको रूपमा लिन सक्दछ। नेपालमा सबै बालबालिकालाई विद्यालय शिक्षामा भर्ना गर्न हरेक वर्ष अभियान चलाउने गरिएको छ। हाम्रा विद्यालयहरू अपाङ्गता भएका बालबालिकाहरूका लागि पहुँचयुक्त र अनुकूल छैनन् भन्ने कुरा ग्रिसको विशेष आवश्यकता शिक्षाको विकास तथा अभ्यासको आधारमा निष्कर्ष निकालिएको छ। साथै यस अध्ययनबाट अपाङ्गताका प्रकारअनुसार औपचारिक तथा कानुनी (वैधानिक) परिभाषा गर्नमा ग्रिसको सन्दर्भ निकै उपयोगी हुने देखिन्छ।

## सन्दर्भसामग्री

नेपाल कानुन आयोग (२०७४), *अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७४,* नेपाल सरकार।

शिक्षा विभाग (२०७३), *अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति*, शिक्षा मन्त्रालय, शिक्षा विभाग ।

European Agency for Development in Special Needs Education (2010). *Special Needs Education Country Data 2010, Odense, Denmark: European Agency for Development in Special Needs Education.* Brussels: European Agency for Development in Special Needs Education. Retrived December 27, 2020, from: https://www.european-agency.org/sites/default/files/special-needs-education-country-data-2010_SNE-Country-Data-2010.pdf

Gaeta, L. (2004). Athenian democracy and the political foundation of space. *Planning Theory & Practice, 5*(4), 471-483. https://doi.org/10.1080/1464935042000293206

Kaltsouni, S. (2013). *Country report on greece for the study on member states' policies for children with disabilities.* Directorate General for Internal Policies Policy Department, Citizens' Right and Constitutional Affairs, Civil Liberaties, Justice and Home Affairs. Retrived September 18, 2020, from: https://guides.library.uq.edu.au/referencing/apa6/report

Kouvaritaki, I. (2011). *'Children's rights for all: Monitoring the implementation of the un convention on the rights of the child for children with intellectual disabilities – National Report for Greece'.* https://ec.europa.eu/justice/grants/results/daphne-toolkit/content/children%E2%80%99s-rights-all-monitoring-implementation-un-convention-rights_en

Pappas, M., Papoutsi, C., & Drigas, A. (2018). Policies, practices, and attitudes toward inclusive education: The case of Greece. *Social Sciences, 7*(6), 90. https://doi.org/10.3390/socsci7060090

Pavli, A. (2017). *Creative disability classification system: The case of Greece* [PhD Desertation]. Arebro University.

Primary School of Special Education of Zakynthos (2006). *The Greek special needs education system: A Comenius.* Retrived July 7, 2023, from: http://dim-eid-zakynth.zak.sch.gr/comenius/ekpsyst/ekpedeftikosystima.htm

Snilstveit, B., Oliver, S, & Vojtkova, M. (2012) Narrative approaches to systematic review and synthesis of evidence for international development policy and practice. *Journal of Development Effectiveness, 4*(3), 409-429. https://doi.org/10.1080/19439342.2012.710641

Spiliotopouloy, D., & Tsarsitalidis, G. (2010). *Special Education in Greece.* Retrived July 9, 2016, from: http://www.slideshare.net/DanaiSpiliotopoulou/special-education-in-greece

Syriopoulou-Delli, C. K. (2010). A historical review of educational policy in Greece for children with pervasive developmental disorders, behavioral difficulties and other special educational needs. *Review of European Studies, 2*(1): 2-14. https://pure.unic.ac.cy/en/publications/a-historical-review-of-educational-policy-in-greece-for-children-

Winzer, M. A. (1993). *The history of special education: From isolation to integration.* Gallaudet University Press.